
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २८ गते मंगलबार ❑ 11 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



## मन्त्रीदेखि प्रधानमन्त्रीसँग पोखरेली व्यवसायीको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनवरी १ मा भव्य रुपमा उद्घाटन गरेको पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबारे पोखराका व्यवसायीले ध्यानाकर्षण गराएका छन् । आन्तरिक उडानमात्र हुने अन्तर्राष्ट्रिय विमानस्थल हुन पुगेको भन्दै व्यवसायीले सोमबार प्रधानमन्त्रीलाई भेटेर तत्काल कुटनीतिक पहल थाल्न आग्रह गरेका हुन् ।

पोखरा पर्यटन परिषदको नेतृत्वमा पोखराका व्यवसायीहरुले अहिलेको वित्तीय संकटबाट बचाउन, पोखराबाट अन्तर्राष्ट्रिय उडान थाल्न, पृथ्वीराजमार्ग निर्माण छिटो र व्यवस्थित बनाइदिन गुहार माग्दै मन्त्रीदेखि प्रधानमन्त्रीसम्म पुगेका छन् ।

पोखरेली व्यवसायीले प्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री डा. प्रकाशशरण महत र पर्यटनमन्त्री सुदन किरातीलाई भेटेर ज्ञापन पत्र बुझाएका छन् भने अहिलेको संकटबाट मोचन गराउन नीतिगत पहल थाल्न पनि माग गरेका छन् । व्यवसायीले प्रधानमन्त्रीलाई भेटेर कर्जा तिर्ने समयसीमा बढाउँदै पुनर्तालिकीकरण र पुनर्कर्जा पाउने व्यवस्था गर्न व्यवसायीले आग्रह गरे । बैंक व्याजदर एक अंकमा झार्नुपर्ने र बर्जा तिर्ने समय सीमा बढाइदिनुपर्ने उनीहरुको माग थियो । बैंक तथा वित्तीय



संस्थाले पर्यटनमा अनिवार्य लगानी गर्नुपर्ने साविककै नीतिलाई ब्युँत्याउन पनि व्यवसायीले प्रधानमन्त्रीसँग आग्रह गरेका छन् । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठको नेतृत्वमा मन्त्रीदेखि प्रधानमन्त्रीसम्मलाई ज्ञापनपत्र बुझाउँदै चैतमसान्तसम्म किस्ता र ब्याज तिर्न नसक्ने बताएका छन् । जवाफमा प्रधानमन्त्री दाहालले व्याजदर एक अंकमा झार्न कसरत गरिरहेको बताए । अहिले ब्याजदर र किस्ताको विषय गम्भीर समस्या बनेकाले सुधारमा निम्ति निरन्तर बैठक बसिरहेको दाहालले बताए । ऋण लिएपछि तिर्दिन भन्न नपाइने तर त्यसका लागि सरकारले सहज वातावरण भने बनाइदिने उनको भनाइ थियो । अर्थमन्त्री डा. प्रकाशशरण र पर्यटनमन्त्री सुदनले अहिले सरकार वित्तीय संकटप्रति गम्भीर रहेको र चाँडै केही न केही निर्णय आउने बताए । प्रधानमन्त्री प्रचण्डले त ब्यवसायीले तिर्ने कर्जाको पुनर्तालिकीकरण छिट्टै गर्ने पनि प्रतिवद्धता जनाएका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर ाष्ट्रिय उडानका निम्ति भारत र चीन भ्रमणको प्रमुख एजेण्डा नै रहेको प्रचण्डले बताएका छन् । प्रचण्डले भू-उपयोग नीति अनुसार जग्गा वर्गीकरण नगरी पुरानै स्थितिमा कित्ताकाट खुला गर्ने तयारी भइरहेको बताए । पर्यटन मन्त्री सुदन किरातीले आफू अहिले व्यवसायीले खेपेको मारप्रति चिन्तित र जानकार रहेको बताए । अर्थमन्त्रीसँग अहिलेको संकटका विषयमा आजमात्रै पनि छलफल भएको किरातीको भनाइ थियो । नेपाल एयरलाइन्स पूर्ण व्यावसाायिक बनाई आन्तरिक र अन्तराष्ट्रिय उडानहरु सञ्चालन गर्न अवश्यक जहाजहरू खरिद गर्न व्यवसायीले प्रधानमन्त्रीसँग आग्रह गरे । कम्तिमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट पनि नेपाल एयरलाइन्सको जहाज उडानको व्यवस्थासहित हवाइ सञ्जाल बिस्तार गर्न व्यवसायीले ध्यानाकर्षण गराएका छन् । नेपाल पर्यटन बोर्डको प्रशासनिक एवं व्यवस्थापकीय सुधार गरी पर्यटकीय संघ संस्थाका संस्थागत प्रतिनिधित्व सुनिश्चित गर्न माग गरे । स्थलमार्ग हुँदै नेपाल भित्रिने पर्यटकहरुलाई सहज र मुख्य सहरसम्मको यात्रा सुविधाका लागि राजमार्गहरुको सुधार गर्नुपर्ने र पृथ्वी राजमार्गको पुनर्निर्माणलाई छिटो तथा व्यवस्थित बनाई दिन पनि प्रधानमन्त्री दाहालसँग आग्रह गरे । नेपाल पर्यटन बोर्डको वजेट नितान्त पर्यटन प्रवर्द्धनका लागि मात्रै विनियोजन र खर्च गर्न व्यवसायीले माग गरेका छन् । मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीलाई टिम्स र गाइड व्यवस्था अनिवार्य नगर्न प्रधानमन्त्रीलाई अनुरोध गरे । पदयात्रामा मात्रै गाइड र सहयोगी अनिवार्य गर्न र मोटर गाडी जाने ठाउँमा यो नियम व्यवहारिक नहुने व्यवसायीको भनाइ थियो ।

साहासिक पर्यटनको मुख्य गन्तव्य पोखराको प्याराग्लाइडिङलाई अन्तर्राष्ट्रिय उडान असर नगर्ने गरी पूर्ववत स्थापित गर्नुपर्ने पनि व्यवसायीले बताए । पोखराको रत्न मन्दिर, हिमा गृहजस्ता सम्पदा मन्त्री फेरिएपिच्छे खुला गर्ने भनेर चर्चा कमाउने तर नखोल्ने गरिएकोमा ध्यानाकर्षण गराउँदै अब सधैं खुला गर्ने व्यवस्था मिलाउन व्यवसायीले प्रधानमन्त्री र मन्त्रीको ध्यानाकर्षण गराएका छन् ।

## बाटो निर्माणमा कुनै समस्या छैन,अब काम सुरु हुन्छ–मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले त्रिवेणी-दुम्किबास सडक विस्तार छिट्टै हुने बताएका छन् ।

चितवन राष्ट्रिय निकुन्ज क्षेत्र भित्र पर्ने करिब ८ किलोमिटर सडक विस्तारका लागी वातावरणीय प्रभाव मुल्यांकनको काम तत्काल सुरु गरिने उनले बताए । आइतबार मुख्यमन्त्री अधिकारी, प्रदेश सभा सदस्य, जिल्ला प्रशासन कार्यालयका प्रमुख, पूर्वाधार विकास कार्यालयका प्रमुख, भौतिक मन्त्रालय सचिव, मुख्यमन्त्री कार्यालयका सचिव, विनय त्रिवेणी गाउँपालिका अध्यक्ष र प्रहरी प्रमुखसहितको टोली लिएर त्रिवेणी पुगेका मुख्यमन्त्री अधिकारी समक्ष स्थानीयहरुले बाटो विस्तारको कुरा पटकपटक भएपनि तत्काल काम गरिदिन आग्रह गरेका थिए । 'अहिलेसम्म वातावरणीय प्रभाव मुल्यांकन समेत भएको थिएन, अहिले त्यो संगै आवश्यक काम अगाडी बढाउन सहमती बनेको छ भोलीबाट नै आवश्यक कामहरु सुरु हुन्छ', स्थानीय समक्ष मुख्यमन्त्री अधिकारीले भने ।

मुख्यमन्त्री नियुक्ती भए लगत्तै मुख्यमन्त्री अधिकारीले प्रदेशको लाइफ लाइनको रुपमा त्रिवेणीदेखी कोरला नाकासम्मको बाटो विस्तार



गरिने बताएका थिए । उनले चितवन राष्ट्रिय निकुन्ज क्षेत्रमा सडक विस्तारका लागी सहमति पत्र प्रदेश सरकारलाई दिनका लागी निरन्तर पहल गरेका थिए । 'यो बाटो प्रदेशको लाइफ लाइन हो, सुरुआतदेखी नै म लागिरहेको थिए खासगरी निकुन्ज भित्रदेखिएको समस्या अब टुङ्गिएको छ । अब बन्यजन्तुहरुलाई कुनै असर नपर्ने गरि काम अगाडी बढाउनुपर्नेछ ।

यसका लागी सम्बन्धी कार्यालयले काम सुरुआत गरिहाल्नुस्', मुख्यमन्त्री अधिकारीले कार्यालयका प्रमुखहरुलाई भने । मुख्यमन्त्री अधिकारीले मित्र राष्ट्र भारतको सिमा नाकाबाट गण्डकी प्रदेशको राजधानीसम्म पुग्ने सडकले प्रदेशको समृद्धिको ठूलो योगदान पुग्ने बताए । प्रदेश सरकार अन्तरगत सोही सडकखण्डको तनहुँ क्षेत्रमा सडक स्तरोन्नतीको काम भइरहेको छ । 'आफ्नै प्रदेशको बाटो हुँदा हुदैंपनि अर्को प्रदेशबाट आवतजावत गर्नुपर्ने अवस्था छ, हामी यसलाई अन्त्य गरेर हाम्रै प्रदेशबाट सिमासम्मै आवतजावत गर्न सहज बनाउनेछौं यसले जनताको आवतजावत मात्रै होइन व्यापारी दृष्टिकोणबाट पनि ठूलो राहत मिल्नेछ व्यावसायीहरुलाई पनि सहज हुनेछ', उनले भने । आइतबार नै मुख्यमन्त्री अधिकारीले सडक डिभिजन कार्यालयका प्रमुख, ठेकेदार र स्थानीय पालिका प्रमुखहरुसंग भेट गरि सडक विस्तार कार्यप्रगती बारे जानकारी लिएका थिए । बौदिंकाली गाउँपालिका अध्यक्ष प्रकाश ओझाले स्थानीय सरकारका तर्फबाट आवश्यक सहकार्य र समन्वय भईरहेको बताए । 'हामीले आफ्नो तर्फबाट गर्नुपर्ने आवश्यक सहयोग सबैगरेका छौं यो बाटोलाई जतिसक्दो छिटो पुरा गराउन सकेमा हाम्रा लागी ठूलो सफलता मिल्नेछ',उनले भने ।

## ब्याजदर घटाउन व्यवसायीको माग

रासस
काठमाडौं, २७ चैत

नेपाल व्यवसायी राष्ट्रिय महासङ्घले बैंक तथा वित्तीय संस्थाले लिँदै आएको चर्को ब्याजदर घटाउन अर्थमन्त्रीसमक्ष माग गरेका छन् ।

महासङ्घको टोलीले आज अर्थमन्त्री डा प्रकाशशरण महतलाई भेटेर कोरोनाले थलिएका उद्योगी व्यवसायी बैंक तथा वित्तीय संस्थाले चर्को ब्याजको कारणले व्यवसायबाट पलायन हुनुपर्ने अवस्था सिर्जना भएको भन्दै ब्याजदर घटाउन माग गरेका हुन् ।

भेटमा महासङ्घका अध्यक्ष कुमार कार्कीले सातआठ प्रतिशतमा लिएको कर्जा ब्याजदर हाल १५/१६ प्रतिशतसम्म पुगेको र व्यवसायी थप मर्कामा परेको भन्दै ब्याजदर घटाउन माग गर्नुभयो । "मुलुकमा व्यवसायको वातावरण निर्माण गर्न ब्याजदर एक अङ्कमा कायम गर्नुपर्छ भन्ने माग महासङ्घको हो", उहाँले भन्नुभयो ।

## मिसन ग्रासरुट अभियान मादीको १२ वटै वडामा सम्पन्न

पोखरापत्र संवाददाता
स्याङ्जा, २७ चैत

मिसन ग्रासरुट अभियान कास्कीको मादी गाउँपालिकाको १२ वटै वडामा सम्पन्न भएको छावडा स्तरीय बैठक र भेला सम्पन्न भएका छन ।

वडा पछि टोल स्तरमा भेला र प्रशिक्षण शुरु भएका छन।सोमबार मादी गाउँ पालिका वडा नं १२ को भगवतीटारमा भएको कार्यकर्ता भेलाम एमाले केन्द्रीय सल्लाहकार सदस्य पदम प्रसाद पौडेलले पार्टीलाई चुस्त दुरुस्त राख्न मिसन ग्रासरुट अभियान चलाइएको बताउनुभयो ।एमाले कास्कीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य मन बहादुर गुरुङले एमालेको आधार स्तम्भ गाउँ, वस्ती र टोल भएको हुँदा ग्रासरुट अभियान चलाइएको बताउनुभयो ।

उहाँले पार्टीका सदस्य विचारमा स्पष्ट ,जनताको असल साथी र मेहनतअं हुनुपर्ने बतउनु भयो ।एमाले गण्डकी प्रदेश कमिटीका सचिवालय सदस्य पुण्यप्रसाद पौडेलले नेकपा एमालेले चलाएको अभियानले पार्टीका सदस्यमा बैचारिक स्पष्टता पार्ने र पार्टीलाई सुदृढ पार्न सहयोग पार्ने बताउनुभयो ।कार्यक्रममा एमाले गण्डकी प्रदेश कमिटीका सदस्य बुद्धि सागर सापकोटा ,एमाले कास्की जिल्ला कमिटीका सदस्यहरु खेमराज सापकोटा ,विष्णु माया आचार्य,मादी गाउँ कमिटीका अध्यक्ष बालकृष्ण गुरुङले अभियानका बारेमा बारेमा चर्चा गर्नुभएको थियो ।कार्यक्रम भगवतीटार टोल कमिटीका अध्यक्ष सरस्वती न्यौपानेको अध्यक्षतामा भएको थियो ।

## मातृभाषा, कला र संस्कृतिको संरक्षण गर्न आवश्यक छ: कानूनमन्त्री गाहामगर

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता रोशनबहादुर गाहामगरले मगर समुदायको मातृभाषा, कला, धर्म, संस्कृति र रीतिरिवाजको संरक्षण गर्न आवश्यक रहेको बताउनुभएको छ ।

पोखरामा आयोजित मगर कथानक चलचित्र 'उखान'को विशेष प्रदर्शन समारोहलाई सम्बोधन गर्दै उहाँले मगरा समुदायको अस्तित्व हराउने बताउदै भाषा, कला, धर्म, संस्कृति र रीतिरिवाजको संरक्षण गर्न आवश्यक रहेको बताउनुभएको हो । उहाँले मगर समुदायको पहिचानसँग जोडिएका साँकृतिक पक्षहरुको संरक्षण गर्ने जिम्मा युवाको काँधमा आएको बताउनुभयो । 'मगर समुदायमा



भएका रचनाहरुको इतिहासको खोजी गर्ने, संरक्षण र संर्वद्धन गर्ने दायित्व अबको पुस्ताको हो, मन्त्री गाहामगरले भन्नुभयो' 'चाहे त्यो कौडा, सोरठी, सालैजो, घाटु लगायत अन्य नाचहरुको इतिहास खोज्ने संरक्षण र संर्वद्धन गर्ने जिम्मा युवाहरुको हो ।' मन्त्री गाहामगरले भाषा संस्कृतिको संरक्षणमा अब ध्यान दिन नसके मगर मगर्नी हुनुको कुनै अर्थ नरहने उल्लेख गर्नुभयो । 'मगर समुदायको इतिहास, पहिचान, लिपी, भाषा र संस्कृतिको संरक्षण गर्न युवापुस्तामा शिक्षाको आवश्यक छ, उहाँले भन्नुभयो, 'पुर्खाले जोगाएको वीरता संरक्षण गर्नु हाम्रो दायित्व हो ।' उहाँले फरक प्रसंगमा बोल्नुहुदै आदिवासी जनजाति समुदायले राजनीतिक दलहरुले भोटको लागि मात्र प्रयोग गरेको भन्दै नेतृत्वका लागि अब प्रतिस्पर्धामा आउन आग्रह गर्नुभयो । 'जुनसुकै राजनीतिक पार्टीले जनजाति समुदायलाई भोटको लागि मात्र प्रयोग गरेको पाइन्छ, उहाँले भन्नुभयो, 'मुख्य प्रतिस्पर्धामा किन लिन चाहँदैनन्, मुलुकको समृद्धिको लागि अब जनजाति समुदायले नेतृत्व गर्न आवश्यक छ ।' यस्तै मगर कथानक चलचित्र 'उखान'का निर्देशक मेक आलेमगरले चलचित्र प्रर्दशनबाट संकलित रकम साामाजिक कार्यमा खर्च गर्ने बताउनुभयो । 'चलचित्र प्रर्दशनबाट आएको रकम सामाजिक कार्यमा खर्च गर्ने लक्ष्य हो । उखान चलचित्रले मगर समुदायका भाषाको आवश्यक छ र सबैले मगर समुदायले भाषाको संरक्षण गर्नुपर्ने सन्देश दिएको छ,' उहाँले भन्नुभयो । एक्सन फिल्मसको ब्यानरमा निर्माण भएको मगर कथानक चलचित्र 'उखान' काठमाडौंको राष्ट्रिय नाचघर जमलमा माघ १८ गते र पोखरामा सोमबार प्रदर्शन भएको हो ।




# भुर्जुङखोलामा नयाँ वर्ष मेलामा माउन्टेन बाइक रेस र भलिवल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

सहासिक खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्देश्यले कास्कीको माछापुच्छ्रे गाउँपालिका–२ भुर्जुङखोलामा नयाँ बर्ष मेला हुने भएको छ।

ग्रीनफोर्स युवा क्लबको आयोजनामा वैशाख १ गते देखि उक्त मेला हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । क्लबको १५ औँ वार्षिकोत्सवका अवसरमा पारेर पाँच दिनसम्म सञ्चालन हुने कार्यक्रममा भुर्जुङखोला तातोपानी माउन्टेन बाइक रेस, पुरुष तथा महिला भलिबल प्रतियोगिता, भेट्रान भलिबल, छेलो लगायतका प्रतियोगिताहरु समेत हुने भएको क्लवले जनाएको छ । वातावरण जोगाउन धुवाँरहित साइकल चढ्न प्रेरित गर्ने उद्देश्यले नयाँवर्षको दिन कास्कीको माछापुच्छ्रे गाउँपालिका–२ मा 'भुर्जुङखोला तातोपानी माउन्टेन बाइक रेस' हुने भएको क्लवका अध्यक्ष राम बहादुर गुरुङले बताए।

बाइक रेसका विजेताले रु ३० हजार, उपविजेताले रु २० हजार, तृतीयले रु १० हजार र सान्त्वनाले रु पाँच हजार पुरस्कार प्राप्त गर्ने अध्यक्ष गुरुङले बताए। वाइक रेसमा गण्डकी प्रदेशका खेलाडीको प्रोत्साहन स्वरुप प्रथम हुनेलाई १० हजार, दोश्रो हुनेलाई ७ हजार र तेश्रो हुनेलाई ५ हजार प्रदान गरिने




भएको छ। प्रतियोगितामा सहभागि खेलाडीहरुको बिमा समेत गरिने भएको छ। पोखराको लामाचौरबाट सुरु हुने दौड भुर्जुङखोला, चौर, तातोपानी, धिप्राङ टुसे, घाचोक, लाहाचोक,खोराकोमुखबाटफर्किएर पुरुनचौरको भारतीभवन विद्यालय हुँदै पुनः भुर्जुङखोला सम्मको ५० किलोमिटर सम्मको दुरी निर्धारण गरिएको उनले जनाए । पर्वतीय साइकल दौडले माछापुच्छ्रे गाउँपालिकाका ७ वटा वडामा रेस हुने भएको वाइक रेसका संयोजक माधव आचार्यले बताए । 'स्वच्छ वातावरण, स्वस्थ जीवन'को नारा सहित औद्योगिक विकासले वायुमण्डलमा प्रतिदिन बढिरहेको धूलो र धुवाँले पृथ्वीको तापक्रम बद्धदै गइरहेकाले सवैमा साइकल चढ्न अभिप्रेरित गर्ने र माछापुच्छ्रे गाउँपालिकाको प्राकृतिक तथा पर्वतीय पर्यटनको प्रचार प्रसारका लागि सो दौड हुन लागेको क्लवले जनाएको छ। उक्त मेलामा हुने पुरुष भलिबलको विजेताले रु ९९ हजार ९९९, द्धितीयले रु ५५ हजार ५५५ नगद पुरस्कार प्राप्त गर्ने भएका छन् । ग्रीन फोर्स युवा क्लबले यसअघि जलवायु परिवर्तनबाट हुने असरलाई न्यूनीकरण गर्न नमूना कार्यक्रमका रुपमा पीपल प्रवर्द्धन कार्यक्रम गरेको थियो । उक्त मेला सम्पन्न गर्न करिब २४ लाख ७० हजार खर्च लाग्ने भएको सचिव देवेन्द्र भुजेलले बताए । गत बर्ष ७३ जना वाइक रेसमा सहभागि भए पनि यस बर्ष दोब्बरले बढ्न सक्ने आयोजकले अपेक्षा गरेको छ । हालसम्म ३५ जना वाइक रेसको लागि नाम दर्ता गराएको सदस्य मिरा आचार्यले बताइन्। भुर्जुङखोला जाऔं नयाँ बर्ष मनाऔं आन्तरीक तथा बाह्यि पर्यटनलाई टेवा पुर्‍याऔं भन्ने मुल नाराका साथ उक्त मेला हुने भएको उनले जनाए । लोपउन्मुख संस्कृतिहरु (नाच गाँन, झाँकी) को प्रबर्द्धन गरी लोप हुनबाट जोगाउने, यस क्षेत्रमा उत्पादित कृषिजन्य उत्पादनको बिक्रि तथा प्रबर्द्धन गर्न, उक्त क्षेत्रकै पहिचान रेन्वो ट्राउट माछाको बिक्री तथा प्रबर्द्धन, सहित खेलकुदको विकास सहित सीप मुलक तालिम, सचेतना मुलक कार्यक्रम गर्ने उद्देश्यले मेला आयोजना गरिएको क्लवका अध्यक्ष राम बहादुर गुरुङले बताए । माछापुच्छ्रे गाउँपालिका–२ भुर्जुङखोला पोखराको बगरदेखी १२ किमी उत्तरमा पर्ने बताएका उनले यस स्थानमा प्राकृतिक वरदानका रुपमा तातोपानी कुण्ड रहेको जनाए । खारपानीस्थित सेती नदी किनारमा रहेको तातोपानी नुहाउनका लागि आन्तरिक पर्यटकको भीड लाग्ने गरेको अध्यक्ष गुरुङले बताए । आगामी बर्ष तातोपानी कुण्डालाई थप व्यबस्थित पार्ने गरी आगामी बजेट विनियोजन गर्ने तयारी गरिएको माछापुच्छ्रे गाउँपालिका–२ का वडा अध्यक्ष गणेश आचार्यले बताए । आन्तरिक तथा बाह्य पर्यटकलाई आकषर्ण गर्न च्याङलु, चौरा, खाँदरजुङ, घलेखर्क लगायतका होमस्टेहरुले मेलामा आउने पाहुनालाई स्वागत सत्कार गर्न तयारी अबस्थामा रहेको उनले जनाए । उनले भने "यस क्षेत्रमा विभिन्न जात जातिका आआफ्नै भेषभुषा, भाषा र संस्कतिहरु, यस्ता संस्कृतिहरुक बद्धदो सहरीकरणसँगै लोप हुने अवस्थामा पुगेकाले मेला मार्फत संस्कृति संरक्षण र सम्वर्द्धनमा सहयोग पुग्ने हामीले विश्वास लिएका छौं । "

भुर्जुङखोलाको भराभरीमा दुङ्गाखानी, दलाममा महभिर, घलेखर्क लघुजलविद्युतगृह, खादर जुँगको मौलाकोट, घोप्टेडाँडा, सिल्दु देउरालीमाई, भुर्जुङखोलाको मुल्का बराहथान, मनोरम छहरा र घाचोकको एकनासे भिरले स्वदेशी तथा विदेशी पर्यटकहरुको मन जितेको स्थानियको भनाई छ।

# आलु महोत्सवमा कृषक र विज्ञ बीच अर्न्तक्रिया

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत



हेमजामा जारी ११ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव अर्न्तगत सोमवार कृषक र विज्ञ बीच अर्न्तक्रिया भएको छ।

पोखरा महानगरपालिका कृषि महाशाखाको सहजीकरणमा भएको उक्त कार्यक्रमका बीच किसानहरुले कृषि पेशा गर्दा आइपर्ने अप्ठ्यारो, कृषि उत्पादन तथा बजारीकरण सम्बन्धमा देखिएका विभिन्न समस्या एवम् चुनौतीबारे जिज्ञासा राख्नुभयो।

त्यस अवसरमा किसानहरुको जिज्ञासाको जवाफ वरिष्ठ वाली संरक्षण अधिकृत शालिकराम अधिकारी, आलु विज्ञ श्यामप्रसाद ढकाल, कृषि महाशाखा प्रमुख मनोहर कडरियाँ, कृषि अनुसन्धान निर्देशनालय लुम्लेका प्राविधिक अधिकृत चन्द्रकान्ता तिमिल्सीना, हेमजाका अग्रज कृषक चित्रनाथ पौडेल लगायतले दिनुभयो ।

कृषि महाशाखा प्रमुख मनोहर कडरियाँले एमएस् ४२ जातको निलो आलु हेमजाको पहिचान भएको उल्लेख गर्दै पछिल्लो भुउपयोग नियमावली अनुसार हेमजामा कृषि भुमि घट्नु दुखद् भएको औंल्याउनुभयो । आलु विज्ञ श्यामप्रसाद ढकालले आफ्नो पहलमा एमएस् ४२ जातको आलुलाई राज्यले सूचिकरण गरेको दावी गर्दै सुचीकरणसँगै निरोगी मूल बीउ उत्पादन गर्न सहज भएको स्पष्ट पार्नुभयो । कृषि अनुसन्धान निर्देशनालय लुम्लेका प्राविधिक अधिकृत चन्द्रकान्ता तिमिल्सीना हेमजामा आलु खेती गर्ने जमिन घटेको भएपनि उत्पादकत्व भने बृद्धि हुँदै गएको जनाउनुभयो । महोत्सव अर्न्तगत सोमवार लोकदोहोरीतर्फ रचना रिमाल, मञ्जु विक, अमर धिताल, नवराज अधिकारी र दुर्गा क्षत्री साथै पपतर्फ टुकी, सन्तोष बस्याल र बवि सुनारले प्रस्तुतिहरु राख्नुभयो । त्यस्तै मंगलवार लोकदोहोरीतर्फ शिव हमाल, शिवहरी ढुङगाना र तुलसा क्षेत्री साथै पप कन्सर्टतर्फ उमेश, सन्जिव सिंह र ओम गुरुङका प्रस्तुतिहरु रहने आयोजकले जनाएको छ। 'सुन्दर ठाउँ हेमजा जाऔं, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने नाराका साथ विष्णुपादुका क्लवको आयोजनामा महोत्सव गरिएको हो ।महोत्सवमा प्रतिकिलो रु.३५ मा आलुको कारोवार भइरहेको भने करिव ४० टन आलु विक्रीवितरण हुने आयोजकको अपेक्षा छ ।

महोत्सव अर्न्तगत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटविरुवाको परीक्षण तथा रोगको निधान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम रहेका छन् ।

# स्टार क्रिकेट एकेडेमीलाई बलियो कपको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत




बलियो नेपाल कप अन्तर एकेडेमी टि–२० क्रिकेट प्रतियोगिताको उपाधि स्टार क्रिकेट एकेडेमीले जितेको छ।

सोमबार पोखरा रंगशालाको क्रिकेट मैदानमा भएको फाइनल खेलमा स्टारले कर्णाली एकेडेमीलाई ७ विकेटले हराउँदै बलियो नेपाल कप २०२३ को उपाधि जितेको हो । टस जितेर पहिले ब्याटिंग गर्ने निर्णय गरेको कर्णालीले १९.१ ओभरमा आफ्नो सबै विकेट गुमाउँदै केवल ७२ रनको बनाउन सफल रह्यो । कर्णालीका बिराट भण्डारी ले २७ बल खेली सर्वाधिक १५ रन बनाए। रोशनले व्यक्तिगत १० रन जोडे भने अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन । स्टारका लागि सुमित पराजुलीले आफ्नो व्यक्तिगत ४ ओभरमा १७ रन खर्चिंदै ३ विकेट लिन सफल भए। त्यस्तै शुभम खनालले २ तथा कप्तान अम मिश्र, निर्मल गुरुङ र महेश भरले समान १ विकेट लिए। ७३ रनको लक्ष्य पक्ष्याउँदै जवाफी ब्याटिङ गरेको स्टार क्रिकेट एकेडेमीले उक्त लक्ष्य केबल ९.५ ओवर खेली ३ विकेट गुमाउँदै पुरा गर्यो। स्टारका लागि ओपनर अनमोलले ३० बलमा २५ रन बनाए भने कप्तान अमर मिश्रले केबल ९ बलमा २२ रन बनाए। बिशालले ८ रन र अंकितले अविजित १५ रन बनाए। स्टारका लागि बिक्रम सिंहले चौका प्रहार गर्दै खेलमा जित निकाल्न सफल रहे। बलिङ तर्फ भने कर्णालीका सन्दिप ठकुरी, भरत क्षेत्री र आदित्य शाहले समान १(१ विकेट लिन सफल रहे।

फाईनल खेलको प्लेयर अफ द म्याच स्टार क्रिकेट एकेडेमीका सुमित अर्याल चुनिएका थिए। यस्तै प्रतियोगिताको उत्कृष्ट बलर पोखरा क्रिकेट एकेडेमीका प्रदीप अर्याल, उत्कूष ब्याटर विराट सिंह भण्डारी, र प्लेयर अफ द सिरिज स्टार क्रिकेट एकेडेमीका कप्तान अमर मिश्र पुरस्कृत भए।

समापन समारोहको प्रमुख आथित्यता माननीय सांसद सोविता भण्डारीले गर्नुभएको थियो। प्रतियोगिताको विजेता टोलीले जनही पचास हजार, तथा उपविजेता टोलीले पच्चीस हजार प्राप्त गरे भने उत्कृस्ट व्याटर र बलरले समान सात हजार तथा सर्वोत्कृष्ट खेलाडीले १० हजार नगद पुरस्कार हात पारे।

# कास्कीमा लागुऔषध दुर्ब्यसनीको संख्या घटयो

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

कास्कीमा लागुऔषध दुर्ब्यसनीको संख्या घटेको छ । चालु आर्थिक वर्ष २०७९-२०८० को पहिलो नौ महिना सम्ममा ५८ वटा मात्रै मुद्धा दर्ता भएका छन् ।

प्रेस क्लब गण्डकीले बुधबार पोखरामा आयोजना गरेको 'लागु औषध दुर्ब्यसनी विरुद्ध सञ्चारकर्मीको भुमिका' विषयक सचेतना मुलक कार्यक्रममा आर्थिक वर्ष २०७७-२०७८ मा १ सय ४९ थान र २०७८-२०७९ मा २ सय ४३ थान मुद्धा दर्ता भएको तथ्यांक सार्वजनीक गरिएको थियो । अघिल्लो वर्षको तथ्यांक र चालु आबको नौ महिनाको तथ्यांक हेर्दा लागुऔषध प्रयोगकर्ताको संख्या घटेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरिक्षक तिलक मानन्धरले बताउनुभयो। अघिल्ला दुई वर्षको आधारमा अहिलेको नौ महिनामा दर्ता भएको मुद्धालाई विश्लेषण गर्दा घटेको देखिएको छ उहाँले भन्नुभयो, 'अवको तीन महिनामा त्यती धेरै मुद्धा दर्ता हुने सम्भावना देखिदैन ।' त्यस्तै लागु औषध दुर्व्यसनकर्ताको उमेर अनुसार सबैभन्दा धेरै १५ देखि २४ वर्ष उमेर समुहका रहेका छन्। प्रहरी निरिक्षक मानन्धरका अनुसार १५ देखि २४ उमेर समुहका ५२ प्रतिशत रहेका छन् । भने ४२ प्रतिशत २५ देखि ३५ वर्षका रहेका रहेको उनले बताए । ३१ प्रतिशत ११ र १२ कक्षाका विद्यार्थी दुर्व्यसनीमा फसेको प्रहरी निरिक्षक मानन्धले बताउनुभयो। उहाँका अनुसार साथिसंगीहरुका कारण लतमा फस्नेहरुको संख्या दिन प्रतिदिन बढि रहेको प्रति अभिभावकहरु सचेत हुनु पर्ने बताउनुभयो । उहाँले अभिभावकहरुले आफ्ना वालवालिकाका बारेमा हरदम जानकारी राख्ने, वालवालिकाको हालसालैको फोटो सधै साथमा राख्ने, वालवालिकाको पहिरन, हुलिया बारेमा जानकारी राख्ने, साथी-सँगीको बारेमा जानकारी राख्ने, फोन नंबर राख्ने र स्कुल/कलेज तथा अन्य रुटका बारेमा अभिभावकले सधै चनाखो भइ ध्यान दिनु पर्ने उल्लेख गर्नुभयो । बालबालिकाको बद्लिदो व्यवहार प्रति चनाखो रहने, वालवालिका अपराधकर्म तर्फ प्रेरित हुनसक्ने बारेमा सजक रहनुपर्नेमा सुझाव दिनुभयो ।

आफना वालवालिकालाई घरको वातावरण वालवालिका मैत्री बनाउने, प्रतिकुल अवस्था जस्तै विपद्, आपराधिक घटना, बन्धक बनाइएको अवस्था, हराएको अवस्था आदिमा हुनसक्ने सम्भावित खतरामा अपनाउनुपर्ने बताउनुभयो । कार्यक्रममा पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवं सामाजिक विकास समितका सदस्य धनकुमारी पोखरेल तिमिल्सेनाले लागु औषध बारे परिवारसम्मै सचेतना जगाउनुपर्ने खाँचो रहेको बताउनु भयो । उहाँले कुलतमा बालबालिका फस्ने गरेको बताउदै त्यसबाट जोगाउन साझा प्रयास आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले लागु औषध सम्वन्धि विषयलाई नर्सरीदेखिनै पाठ्यपुस्तकमा समावेश गर्नसके रोक्न भुमिका खेल्ने बताउनुभयो। उहाँले लागु औषध रोक्न म र हामी भन्ने भावनाबाट सुरुवात गर्नुपर्नेमा जोड दिनुभयो । प्रेस क्लब गण्डकीका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्य्रक्रममा उपाध्यक्ष राजाराम पौडेल र सचिव गौरव त्रिपाठीले सञ्चार माध्यम र सञ्चारकर्मीको भुमिका महत्वपूर्ण हुने भएकाले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति बैशाख २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि । |
| फिस्टुला | :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।


बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८५१५४, ९८४४३११५०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरिलिअस्

## सम्पादकीय

# कार्यान्वयन नहुने कार्यक्रम

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको गठबन्धनले सरकारको साझा न्यूनतम कार्यक्रम सार्वजनिक गरेको छ। निर्वाचनपछि प्रचण्डको सात दलीय संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम ल्याएको थियो। सय दिनको अन्तरालमा दुई पटक गठबन्धन सरकारका न्युनतम साझा कार्यक्रम ल्याइएको छाअहिले काङ्ग्रेसको कार्यक्रम हावी भएको छापहिलको न्युनतम साझा कार्यक्रममा एमालेका कार्यक्रम हावी भएका थिए। दस दलीय सरकारको साझा कार्यक्रम भनिए पनि रास्वपा, जनमत र राजमोले असन्तुष्टि जनाएका छन। दस दलीय गठबन्धनको कार्यक्रममा संविधानको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासमा अग्रसर हुने भनिएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, संघीयता कार्यान्वयन, देशको अर्थतन्त्र रूपान्तरण र सुदृढ गर्न नीतिगत, संरचनागत तथा कार्यगत सुधार गरिनेछ उल्लेख छ। समता, स्वतन्त्रता एवं न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण सरकारको प्राथमिकतामा पारिएको छ।

कार्यक्रमले गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचारको प्रत्याभूति हुने गरी शासकीय सुधारलाई प्राथमिकतामा राखेको छ। भ्रष्टाचारको छानबिन गरी कडा कारबाही गर्नेछ भन्ने सनातनी कुरा छाजुनसुकै कालखण्डमा भएका भ्रष्टाचारको छानबिन गरि कडा कार्वाही गर्ने पहिलाको कार्यक्रममा कैँची चलाइएको छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी शान्ति प्रक्रियाका बाँकी काम दुई वर्षभित्र पूरा गर्ने द्वन्द्वपीडितलाई क्षतिपूर्ति, पुनर्स्थापना र परिपूरणको व्यवस्था गर्ने सहमतिसमेत भएको छ। खर्च कटौती र प्रशासनिक झमेला अन्त्य गर्न सार्वजनिक प्रशासन चुस्त दुरुस्त बनाइनेछ। जलवायु परिवर्तन, जैविक विविधता ह्रास र वातावरणीय प्रदूषण नियन्त्रणजस्ता विश्वव्यापी सङ्कटले उत्पन्न गरेको जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गरिने विषयलाई समेत कार्यक्रमभित्र पारिएको छ। त्यस्तै, राष्ट्रिय हितको रक्षा एवं जनताको समृद्धिका लागि स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने अवलम्बन गरिनेछ। जुन सरकारको गठजोड विदेशीले गरिदिएको आरोप छ त्यसले राष्ट्रिय हितमा उभिने कुरमा शंका छ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संघीय निजामती सेवा ऐन, नागरिकता ऐन, शिक्षा सेवा ऐन, स्वास्थ्य सेवा ऐनलगायत अति आवश्यक ऐनहरू निर्माण गर्न सम्बन्धित विधेयक यथाशीघ्र संसद्बाट पारित गराउने प्रतिबद्धता छ। संघीयता कार्यान्वयनका लागि तीन तहबीचको सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सञ्चालन गरिनेछ। कुनै पनि नेपाली नागरिक नागरिकता प्रमाणपत्र पाउन र नागरिकका अधिकार उपभोग गर्नबाट वञ्चित हुन नपरोस् भन्ने कुरा सुनिश्चित गरिनेछ। छ महिनाभित्र नागरिकता ऐन पारित गर्ने र नागरिकता प्राप्तिमा रहेको लैङ्गिक विभेद अन्त्य गर्ने नीति लिइनेछ। यसैगरी, आर्थिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढङ्गले कार्यान्वयन गरी अर्थतन्त्रलाई तत्काल गतिशील बनाइनेछ।

राष्ट्रिय अर्थतन्त्रको विकासमा कृषि, जलस्रोत र पर्यटनलाई प्राथमिकता राखिएको छ। सामाजिक रूपान्तरणका लागि मानव विकास सूचकाङ्क तथा जनसंख्या र भूगोलको आधारमा सबै प्रदेशको सन्तुलित विकासमा जोड दिइनेछ। लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायतका क्षेत्रमा छिमेकी मुलुकसँग समाधान हुन बाँकी सीमासम्बन्धी समस्या कूटनीतिक माध्यमबाट समाधान गर्ने सरकारको प्राथमिकतामा परेको छ। सरकारको वार्षिक नीति तथा कार्यक्रम अनि बजेटमा प्रस्तुत न्यूनतम साझा कार्यक्रम पर्नुपर्छ। साझेदार सबै दलको सहमति हुन सकेन भने सुनाउनकाका लागि हुनेछ। राजनीतिक स्थायित्व नभएसम्म जतिसुकै राम्रो र कार्यान्वयन हुन नसक्ने भए जनतालाई झुक्याउने नहोस् भन्ने कामा गर्न सकिन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जनजाति महासंघ स्याङ्जामा राना

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

नेपाली काँग्रेसको भातृ संगठन ‘नेपाल लोकतान्त्रवादी आदीवासी जनजाति महासंघ’ स्याङ्जाको अध्यक्षमा नेमबहादुर राना मनोनयन भएका छन्। महासंघको केन्द्रिय समितिले रानालाई अध्यक्षमा मनोनयन गरेको हो।

अध्यक्षमा मनोनित भएसँगै रानाले महासंघ जिल्ला समितिमा पदाधिकारी र सदस्य मनोनित गरेका छन्। जिल्लाका ११ पालिकाबाट प्रतिनिधित्व हुने गरी अध्यक्ष रानाले समितिमा पदाधिकारी र सदस्य मनोनित गरेका हुन्। महासंघको उपाध्यक्षमा अर्जुनचौपारीबाट भद्रबहादुर गुरुङ् ‘दिपक’, चापाकोटबाट अम्बिका कुमाल मनोनित भएका छन्। सचिवमा बिरुवाका धनबहादुर थापा र पुतलीबजारबाट सुस्मा श्रेष्ठ मनोनित हुँदा सह-सचिवमा वालिङका याम माया गाहा मगर तथा चापाकोटका पुष्पमान श्रेष्ठ ‘सन्तोष’ र कोषाध्यक्षमा आँधीखोलाकी सपना गुरुङ् मनोनित भएका छन्। जनजाति महासंघ जिल्ला समिति स्याङ्जाको सदस्यमा गल्याङ्का घुनबहादुर थापा, वालिङका जितबहादुर थापा मगर, भीरकोटका राजेन्द्र प्रसाद श्रेष्ठ, कालीगण्डकीका चन्द्रसिंह राना, फेदीखोलाका भरतबहादुर गुरुङ् र पुतलीबजारका प्रमोद प्रधान तथा भोजबहादुर कुमाल मनोनित भएका छन्।

हाल मनोनयनबाट बनेको जिल्ला समितिको आगामी बैठकबाट समितिलाई थप सदस्य थपेर विस्तार गरिने अध्यक्ष रानाले जानकारी दिए। संगठन विस्तारमा थप साथीहरुलाई समाबेश हुने गरी समिति विस्तारको तयारी समेत गरिएको छ।

# कृषकलाई माछाका भुरा वितरण

**पोखरापत्र संवाददाता**
बेनी, २७ चैत

म्याग्दीका कृषकलाई ३३ हजार माछाका भुरा वितरण गरिएको छ। भेटेरिनरी अस्पताल, पशु सेवा विज्ञ केन्द्र, बेनी नगरपालिका र धौलागिरि गाउँपालिकाले कृषकको मागअनुसार भुरा वितरण गरेका हुन्।

विज्ञ केन्द्र र बेनी नगरपालिका १३/१३ हजार तथा धौलागिरि गाउँपालिकाले सात हजार भुरा कृषकलाई वितरण गरेका छन्। जिल्लाका ४५ कृषकलाई केन्द्रका प्रमुख एवं पशु चिकित्सक जीवनप्रसाद आचार्य र बेनी नगरका पशु शाखा प्रमुख प्रदीप गौतमले भुरा वितरण गर्नुभयो। मागअनुसार बेनीका ३५, अन्नपूर्णका सात र रघुगङ्गाका तीन कृषकलाई पोखरीको क्षेत्रफलको आधारमा भुरा वितरण गरिएको बेनी नगरपालिकाका पशु शाखा प्रमुख गौतमले जानकारी दिनुभयो। भुरा नवलपरासीबाट खरिद गरिएको हो। व्यावसायिक उत्पादनमा जोड दिन कृषकलाई अनुदानमा भुरा, औषधि, तालिम र प्राविधिक सहयोग उपलब्ध गराइँदै आएको छ।

# सरकारी शैक्षिकसंस्था राजनीति गर्ने थलो बन्यो : रेग्मी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २७ चैत



नेपाल सरकारका पुर्व मन्त्रीपरिषदका अध्यक्ष तथा प्रधानन्यायधिस खिलराज रेग्मीले सरकारी शैक्षिक संस्था राजनीति गर्ने थलो बनेको आरोप लगाएका छन्।

स्याङ्जाको वालिङ स्थित नीजिस्तरबाट संचालित नेपाल आदर्श क्याम्पस र नेपाल आदर्श माध्यमिक विद्यालयको स्थापनाको २५ औं रजतजयन्ती समारोहको उद्घाटन गर्दै पुर्व मन्त्रीपरिषदका अध्यक्ष रेग्मीले शैक्षिक सुधारमा आमुल परिवर्तन नगर्दा राजनीतिक गर्ने थलो बनेको आरोप लगाएका हुन्। सरकारले निशुल्क शिक्षा लागुगर्ने नीति अगाडी सारेपनि सरकारी शैक्षिक संस्थामा भन्दा नीजि स्तरबाट संचालित शैक्षिक संस्थामा विद्यार्थीको आर्कषण बढेको रेग्मीले बताए। दक्ष नागरिक उत्पादन गर्ने सरकारी स्कुल कलेजमा शिक्षक र विद्यार्थी नै राजनीति गर्ने तर्फ अग्रसरता हुने गरेकाले शिक्षा नीतिमा आमुल परिवर्तन गर्नुपर्ने औंल्याएका थिए।

सम्मुन्नत नागरिक बनाउन शिक्षामा सुधार हुनुपर्ने बताउदै रेग्मीले सम्मुन्नत देश बनाउन पहिला समुन्नत नागरिक बनाउनु पर्ने बताए। नागरिकलाई नागरिक बनाउने शिक्षाको खाँचो रहेको बताउदै पुर्व मन्त्री परिषदका अध्यक्ष रेग्मीले बहुआयमीक शिक्षा प्रणाली लागुगर्नुपर्ने बताए। शिक्षण सिकाई र बुझाईमा परिवर्तन नल्याएसम्म शैक्षिक उन्नयन र व्याक्तित्व विकासले भोलीको पुस्ताले परम्परावादी शिक्षा, परम्परावादी खेती र खोजिएको जागिरले झन जटिलता उत्पन्न हुने रेग्मीले बताए। नैतिक शिक्षाले विवेकशिलता बढाउने हाम्रो परम्परालाई तोड्दै पहिचान र विज्ञता हासिल गर्ने नागरिक उत्पादनमा कमजोर बन्ने गरेको रेग्मीको आरोप छ। शिक्षा नै नागरिकको सम्मुनतको पहिलो आधार हो पुर्व मन्त्रीपरिषदका अध्यक्ष रेग्मीले भने,‘शिक्षामा राजनीतिको अन्त्य नभएसम्म दक्ष नागरिक र सम्मुनत् मुलुक बन्दैन।’ त्यसैले शिक्षा नीतिमा आमुल परिवर्तनको खाँचो देखिएको छ उनले भने। कार्यक्रममा गण्डकी प्रदेशका सांसद भोजराज अर्याल र कल्पना तिवारीले शिक्षामा विभेदको अन्त्य हुनुपर्नेमा जोड दिए। दक्ष नागरिक उत्पादन गर्न विभेदपुर्ण शिक्षा खारेजी गरि नीजि र सरकारी शैक्षिक संस्थालाई प्राविधिक रुपमा जोड्न आवश्यक रहेको बताएका थिए। संघिय सरकारले धेरै कानुन नबनाउदा प्रदेश सरकार काम बिहिन बन्न पुगेको स्मरण गर्दै प्रदेश सांसद्धयले संघिय संरचनालाई बलियो बनाउन प्रदेशलाई काम दिनुपर्ने बताए। २०५४ सालमा स्थापना भएको नीजिस्तरको शैक्षिक संस्था नेपाल आदर्श माध्यमिक विद्यालय जिल्लाकै एक शैक्षिक धरोहरका रुपमा चिनिदै आएको छ।

कार्यक्रममा शसस्त्र प्रहरीका पुर्व एआईजी सुवोध अधिकारी, जिल्ला शिक्षा ईकाई प्रमुख विश्वराज आचार्य, मन्त्रिपरिषदका पुर्व अध्यक्ष खिलराज रेग्मीमा प्रेस संयोजक राजेन्द्र पाण्डे, नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, प्याक्सन स्याङ्जाका अध्यक्ष मेघराज गैह्रे, गल्याङ नगर प्रमुख गुरुप्रसाद भट्टराई, विद्यालय तथा क्याम्पसहरुको तर्फबाट वालिङ बहुमुखी क्याम्पसका निमित्त प्रमुख युवराज पाठक, विद्यालयका संरक्षक ध्रुवशर्मा पंगेनी, विद्यालयका निर्देशक दिपक लम्साल, अभिभावक बिष्णुनारायण श्रेष्ठ, विद्यार्थीद्धय एलिसा पौडेल र सुब्रित्री गौतम लगायतले विद्यालयले शैक्षिक उन्नयनमा खेलेको भुमिकाका बारेमा बोलेका थिए। कार्यक्रममा उत्कृष्ट शिक्षक तथा शिक्षिकाहरु, संचालक समिति, अभिभावकहरुलाई सम्मान गरिएको थियो। विद्यालयका अध्यक्ष शंकर डुम्रेको अध्यक्षमा सम्पन्न भएको समारोहलाई विद्यालयका प्रिन्सिपल होमकान्त गौतमले स्वागत र संचालन खगेन्द्र प्रसाद अर्यालले गरेका थिए।


## गण्डकी प्रदेश सरकार
## सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## प्रदेश संग्रहालय
**गण्डकी प्रदेश पोखरा, नेपाल**

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२८**

यस कार्यालयको आ.व. २०७९/०८० मा तपशिल वमोजिमको निर्माण कार्यको लागि सिलवन्दी दरभाउपत्र आह्वान गर्नुपर्ने भएकाले सो सम्बन्धी निर्माण कार्यको प्रथम पटक प्रकाशित भएको मितिले २०८०/०१/१३ गते दिनको १२ बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online Bidding गर्न सम्बधित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नोट : संग्रहालय प्रत्येक मंगलबार बन्द र शनिबार खुल्ला रहनेछ।

**तपशिल**

| SN | Contract No. | Descripition Of Work | Bid Security | Cost Of Bidding Document | Estimated Amount(without VAT And Cont) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | PM/KASKI /W/SQ/04/ 79/80 | CONSTRUCTION OF TOILET | 38000/ | 1000/ | 1280902.39 | SQ |

## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive Phedikhola, Syangja
## Gandaki Province, Nepal

## Notice for the Letter of Intent

**Contract ID No. 32-PRM-W-NCB-MT-079-80**
**(First Publication Date: 11th of April, 2023)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: 32-PRM-W-NCB-MT-079-80 as per the Invitation for Bids published in the national daily newspaper "Pokharapatra National Daily" on 5th of March, 2023, that the following listed Lowest Evaluated and Substantially Responsive Bidders has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act, 2063 and its revision.

| Contract ID, Name of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| 32-PRM-W-NCB-MT-079-80, Maintenance of Phedikhola Mirudanda Kalabhairav Nuwakot Rural Road at CH 0+250 to 2+000 at Ward No. 2 of Phedikhola Rural Municipality | SHEETALA NIRMAN SEWA, POKHARA-07, KASKI | 3,516,689.77 |

# जङ्गलका राजा कुसुन्डाकी छोरी सिमान्त पुरस्कृत

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ चैत

व्यास नगरपालिका-२ स्थित सत्यवती माध्यमिक विद्यालयमा अध्ययनरत लोपोन्मुख कुसुन्डाकि छोरी सिमान्तलाई विद्यालयले पुरस्कृत गरेको छ।

जङ्गलका राजा भनेर चिनिने कुसुण्डाकी छोरी सिमान्त कक्षा ७ बाट उत्तीर्ण भई कक्षा ८ पुगेको खुसीयालीमा पुरस्कृत गरेको हो।

छोरी उत्तीर्ण भएपछि आमा इन्द्रमाया कुसुन्डाकी आमामा खुसी हुनुभएको छ। सिमान्त उहाँकि मात्र एक सन्तान हुन्। वार्षिक नतिजा प्रकाशन गर्दै विद्यालयले सिमान्तलाई हौसला प्रदान गर्न पुरस्कृत गरेको हो। विद्यालयका प्रधानाध्यापक एकबहादुर गुरुङ र विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीले संयुक्त पुरस्कृत गरेका हुन्। राजामा कुसुन्डाको २०७५ वैशाख ५ गते निधन भएपछि उहाँको श्रीमती इन्द्रमाया कुसुन्डाले छोरीलाई पालनपोषण र शिक्षा दिँदै आउनुभएको छ। विद्यालयले सिमान्तलाई निःशुल्क पढाइरहेको विद्यालयका प्रधानाध्यापक एकबहादुर गुरुङले जानकारी दिनुभयो।

कुसुन्डा लोपोन्मुख जातिमा पर्छ। तनहुँमा एक घर परिवार मात्रै कुसुन्डा छन्। इन्द्रमायाको परिवारलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले एक रोपनी जग्गा खरिद गरी व्यास-१० स्थित डिहीकुनामा तीन कोठे घर निर्माण गरिदिएपछि उक्त घरमा बस्दै आउनुभएको छ।

इन्द्रमाया र छोरी सीमान्तले लोपोन्मुख जातिका रूपमा मासिक रु दुई हजार सामाजिक सुरक्षा भत्ता पाउनुहुन्छ। तर त्यसले आफ्नो आवश्यकता नपुग्ने इन्द्रमायाको गुनासो छ।

नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् तनहुँकी निर्वतमान अध्यक्ष वसुन्धरा घर्तीले लोपोन्मुख जातिको संरक्षणमा सहयोग पुर्‍याउन इन्द्रमायालाई जागिरको व्यवस्था गर्नुपर्ने बताउनुभयो।

कसुन्डा जातीको संरक्षणको लागि प्रतिष्ठानले नै विसं २०६१ पुस ७ गते राजामाको विवाह इन्द्रमाया तामाङसँग गराइदिएको थियो। कुसुण्डा स्याउलाका एकपाखे छाना भएका अस्थायी टहरा बनाउँदै फिरन्ते रुपमा जङ्गलका विभिन्न ठाउँमा बसोबास गर्दथे। जङ्गली रूख बिरुवाका ठूलाठूला पात गाँसेर ओछ्याउने र ओढ्ने गर्थे। धनुषवाण, कालिग, गोहोरो, वन कुखुरा, मृग, स्याल लगायतको सिकार गर्दथे। वन तरुल, निगुरो, गिठा, भ्याकुर, सिप्लीगान जस्ता जङ्गलमा पाइने कन्दमूल तथा तरकारी खाएर जीवनयापन गर्ने गर्दथे। जङ्गलमै बच्चा जन्माउने, स्वास्थ्य सुरक्षा नहुँदा बच्चा मर्ने जस्ता कारणले कुसुण्डा लोप हुँदै गएकाले तनहुँका कुसुण्डा परिवारलाई सामाजिक जीवनमा ल्याइएको हो।

## विमा लेख हरायो

**एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नामः राजेन्द्र कायस्थ**
**ठेगानाः पो.म.न.पा.-४**
**विमा लेख नं. ६५१२०००९०५८**
**सम्पर्क : एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**फोनः ९८४६०३१०३४**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ११ तुलसी मार्ग (क) खेम गुरुङको घर जाने बाटो ढलान सोफिट सहित कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः तुलसी मार्ग (क) खेम गुरुङको घर जाने बाटो ढलान सोपिट सहित निर्माण**
**स्थानः पोखरा-११, तुलसी मार्ग, कास्की**
**योजना सम्झौता मिति : २०७९/१२/०७ गते**
**योजना सम्पन्न मितिः २०८०/०१/३० गते**
**योजनाको कुल लागत : रु. ६,१८,६६५.३८।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००।-**
**जन सहभागितावाट : रु.१,१८,६६५.४०।-**
**उपभोक्ता समिति अध्यक्षः चोप नारायण श्रेष्ठ**
**सचिवः कृष्ण कुमार मल्ल**
**कोषाध्यक्षः खगेन्द्रस्वोर काफ्ले**

**तुलसी मार्ग (क) खेम गुरुङको घर जाने बाटो ढलान सोपिट सहित निर्माण उपभोक्ता समिति**
**पोखरा-११**

# एघार वर्षको प्रयासपछि बन्ने भयो सडक

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

पोखरा-२७ स्थित तालचोकमा तालचोक-बेगनास सडक स्तरोन्नतिको शिलान्यास हुँदै गर्दा छेउछाउबाट स्थानीयवासीको आवाज आइरहन्थ्यो, सडक निर्माणमा अनियमता हैन, छिटो र गुणस्तरीय बनाऊ, वर्षौंदेखि खानुपरेको सडकको धुलो र हिलोबाट छुटकारा देऊ।

स्थानीयवासी एलके शर्मा भन्दै हुनुहुन्थ्यो दिनहुँ सयौं स्वदेशी तथा विदेशी पर्यटक वेगनास ताल जाने सडक वर्षौंदेखि स्तरोन्नति नहुँदा पर्यटकले कति दुःख भोग्नुपर्‍यो होला। "सडक स्तरोन्नतिका लागि सम्बन्धित निकायमा वर्षौं पुग्यौं, तर सडक स्तरोन्नतिका कुनै काम अगाडि बढेनन्", शर्माले भन्नुभयो, "११ वर्षको प्रयासपछि सडक स्तरोन्नतिको काम सुरु हुँदा खुसी भएका छौं, स्तरोन्नतिको हरेक काममा सहयोग र सडकको गुणस्तररमा कमी हुन नदिन ठेकेदार कम्पनीलाई खवरदारी गरिरहन्छौं।" पोखरा-२७ तालचोकदेखि पोखरा-३१ बेगनास तालसम्मको तीन दशमलव आठ किलोमिटरको सडक स्तरोन्नति गर्न विश्व बैंकले रु एक अर्ब ४९ करोड १५ लाख सहयोग गर्नेछ। उक्त सडक स्तरोन्नति कार्यको शिलान्यास आज बिहान पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गर्नुभएको छ।

विदेशी सहयोग लिएरै सडक स्तरोन्नतिको काम थाल्ने आश्वासन पनि स्थानीयवासीको कानमा पटकपटक नपरेको हैन, तर यो वा त्यो बहानामा सडक स्तरोन्नति हुन सकेन भन्ने खबर पनि स्थानीयवासीले पाइरहन्थे। केही महिनाअघि ठेक्का सम्झौता भएको उक्त सडकको निर्माण कार्य रोकिएका खबर पनि स्थानीयवासीले पाएका थिए। कहिले स्थानीय उपभोक्ताबाट नै अख्तियारमा उजुरी त कहिले पोखराका कार्यकारी अधिकृत वीरेन्द्रदेव भारती विवादमा नपर्न ठेक्का सम्झौतामा हस्ताक्षर गर्न नमान्ने खबर उनीहरूले सुन्नुपरेको थियो। पछिल्लो समय विश्व बैंक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महानगरपालिका बीचको सम्झौतापछि सडक स्तरोन्नतिको कार्य अगाडि बढेको छ। "विश्व बैंकको सहयोग नै रोकिने अवस्था भएपछि जसरी भए पनि सडक स्तरोन्नति गर्न पर्छ भनेर हर प्रयास गरेँ", महानगर प्रमुख आचार्यले भन्नुभयो, "जे होस् विश्व बैंकको सहयोगले पोखराको तालचोकदेखि बेगनाससम्म एसियाकै नमूना सडक बन्ने भयो।" शिलान्यास कार्यक्रममा उहाँले निर्धारित समयमै सडक निर्माण कार्य सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिनुभयो। "तोकिएको समयभित्र निर्माण सम्पन्न गर्नुभयो भने, कन्ट्र्याक्टर र कन्सल्टेन्ट दुवैलाई सार्वजनिक अभिनन्दन गर्नेछौं", प्रमुख आचार्यले भन्नुभयो, "कन्ट्र्याक्टर र कन्सल्टेन्टले दुई वर्षभित्र सडक सम्पन्न गर्नैपर्छ।" पैसाका कारण काम रोकिन नदिने पनि प्रमुख आचार्यले आश्वास दिनुभयो।

तालचोक-बेगनास सडक हरियाली, फुटपाथ, साइकल ट्र्याक र डिभाइडरसहित चार लेनको हुनेछ।

यस खण्डमा पाँच वटा पुल निर्माण गरिनेछन्। सडकको बीचमा एक दशमलव पाँच मिटर चौडाइको डिभाइडर, दुवै छेउमा दुई दशमलव पाँच मिटर चौडाइको पार्किङ, दुवै छेउमा एक मिटर चौडाइको हरियाली क्षेत्र, दुवै छेउमा नालीमाथि दुई मिटर चौडाइ फुटपाथ र सडकमा चार सेमी मोटाइको अस्फाल्ट पिच गरिने बताइएको छ। सडक निर्माणको ठेक्का स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी, काठमाडौंले पाएको छ। उक्त कम्पनीले अनुमानित रकमभन्दा ३८ दशमलव ६४ प्रतिशत कम रु ७५ करोड ४८ लाख ६७ हजारमा ठेक्का पारेको हो। निर्माण कम्पनीसँग सम्झौता भएको मितिले सात सय ३० दिनमा सम्पन्न गर्ने गरी ४ जुलाई २०२२ मा सम्झौता भइसकेको छ।

उक्त कम्पनीका सञ्चालक एवं निर्माण व्यवसायी नारायण भुसालले तोकिएकै समयमा आफूले पाएको जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "तोकिएकै समयमा काम सम्पन्न गर्न हामी तत्पर छौं", उहाँले भन्नुभयो। स्थानीयवासीको सहयोगले मात्र सडक निर्माण कार्य सफल हुने उहाँको भनाइ थियो। परियोजनाका परामर्शदाता लक्ष्मण आचार्यले वैशाखको पहिलो सातादेखि सडक स्तरोन्नतिको काम थालिने बताउँदै निर्माणका क्रममा कुनै समस्या आए साझारूपमा समाधान गरिनुपर्नेमा जोड दिनुभयो। पोखरा-२७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले सडकको स्तरोन्नतिसँगै व्यवस्थित बसपार्क निर्माणमा जोड दिनुभयो। सडक स्तरोन्नति शिलान्याससँगै सडकको क्षेत्राधिकारभित्र पर्ने संरचना हटाउन महानगर प्रमुख आचार्यले आजैदेखि निर्देशन दिनुभएको छ।

महानगरको वडा नं २७, ३० र ३१ मा पर्ने सडकखण्डका सडकको केन्द्रबाट दायाँ-बायाँ ५०/५० फिटभित्र पर्ने घर, टहरा, अस्थायी संरचना हटाउन निर्देशन गरिएको छ। सडक स्तरोन्नतिका लागि पोखरा महानगरपालिका र नेपाल सहरी सुशासन र पूर्वाधार परियोजना २०२१ मार्च ५ मा सम्झौता भएको थियो। स्थानीयवासी रामबाबु भण्डारीले सडक निर्माण कार्यमा गुणस्तर कम हुन नदिन स्थानीय उपभोक्ताले दैनिक खबरदारी गर्नुपर्ने र अनुगमन गर्ने इञ्जिनियरलाई गुणस्तरमा ध्यान दिन जोड दिन आवश्यक रहेको बताउनुभयो। अर्का स्थानीयवासी सन्दीप पौडेलले सडक निर्माणसँगै अब बेगनास ताल तथा आसपासका क्षेत्रमा आउने पर्यटकले सडकको सुविधाका साथै पर्यटक बढ्नेमा विश्वास व्यक्त गर्नुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**१९८९ असोज १० गते**

**स्वर्गारोहणः**
**२०७९ चैत १६ गते**

**स्व. पार्वती सुवेदी**

हाम्रो जीवनमा नितान्त अभिभावकको रुपमा रहनुभएको आफ्नो ९० औं वर्षको जीवन यात्रामा हर समय हाम्रै लागि सर्मपित माया, ममता र स्नेहकी खानी प्रातः स्मरणीय आमा **पार्वती सुवेदी**को मिति २०७९ साल चैत १६ गते असामयिक निधन भएकोमा हामीहरु शोकाकुल छौं। यो शोकको घडीमा हाम्रो पिडालाई आत्मासाथ गर्दै हामीहरुलाई सद्भाव राख्नुहुने विभिन्न, संघ संस्था, ईष्टमित्र, कुलकुटुम्व, छरछिमेकी, दाजुभाइहरुलाई धन्यवाद ज्ञापन गर्दै दिवंगत आमा पार्वती सुवेदीको आत्माको चिरशान्ति र बैकुष्ठवासको कामना गर्दै आज १३औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

छोरा/बुहारीः काशीराम/सिता सुवेदी
जेठी बुहारीः बालुमाया सुवेदी
माइली बुहारीः शान्ति सुवेदी
छोरा/ बुहारीः नारायण/शान्ति सुवेदी
नाति, नातिना, खलाति, खलातिनी समेत १८ जना

पुनश्चः आज मिति २०७९/१२/२८ गते मंगलबार १३औं दिनको शुद्धाशुद्धी कार्यक्रममा शवयात्रामा सहभागी महानुभावहरु, ईष्टमित्र, कुलकुटुम्व उपस्थित हुनु भै प्रसाद ग्रहण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।
स्थानः आफ्नै निवास पोखरा-१३, काहुँखोला, तिनअम्चुरे। समयः बिहान १०:०० बजेदेखि

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्मः**
**१९८९ असोज १० गते**

**स्वर्गारोहणः**
**२०७९ चैत १६ गते**

**स्व. पार्वती सुवेदी**

श्री जनकल्याण समिति पोखरा-१३ शिद्धकोस्थानमा लामो समय कार्यसमितिमा रहेर सेवा गर्नु भएका आजिवन सदस्य काशीराम सुवेदी, आजिवन सदस्य सिता सुवेदीका माया, ममता र स्नेहकी खानी प्रातः स्मरणीय आमा/ सासुआमा **पार्वती सुवेदी** को ९० वर्षको उमेरमा आफ्नै निवास पोखरा-१३ काँहुखोलामा निधन भएकोमा सम्पूर्ण जनकल्याण समितिमा आवद्ध सदस्यहरु भावविह्ल भएका छौं। यो दुःखद घडीमा आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, शिद्धको स्थान**